परिच्छेद
५

# ५.४ सन् २०२३ मा मानव अधिकार उल्लङ्घनका तथ्यहरू

# गण्डकी प्रदेश



# ५.४.१ गोरखा

| | |
|---|---|
| जम्मा जनसङ्ख्या | २,५१,०२७ |
| महिला | १,३२,८७२ |
| घर परिवार सङ्ख्या | ७१,७२९ |
| घरजग्गामा महिलाको स्वामित्व | १५,००१ |
| साक्षरता प्रतिशत | ७२.३७ |
| आश्रित जनसङ्ख्या | १,२४,८२२ |
| अपाङ्गता भएका | ८,९९८ |

यस वर्ष गोरखा जिल्लामा ज्यादतीका घटनामा २७ जना महिला र चार जना पुरुष पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा ११ जना बालिका तथा महिला अधिकार उल्लङ्घनका घटनामा १२ जना महिला पीडित भए।

### कारागार र बन्दी

कारागारको क्षमता महिला २० र पुरुष ३५ गरी ५५ जनाको छ। कारागारमा १ सय १५ जना कैदीबन्दी छन्। जसमा १० जना कैदी र आठ जना बन्दी गरी १८ जना महिला छन्। ४३ जना कैदी र ५४ जना बन्दी गरी ९७ जना पुरुष छन्। कारागारमा पुरुष कक्षतर्फ झण्डै तीन गुणा बढी भएकाले कोचिएर बस्नुपर्ने बाध्यता छ। कारागारमा १२ जना ज्येष्ठ नागरिक छन्। अहेवको दरबन्दी रहेपनि दुई वर्षदेखि पद रिक्त रहेको कारागारका कम्प्यूटर अपरेटर दिपेन्द्र क्षेत्रीले बताए। दिर्घरोगी १८ जना छन्।

### सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा एक जना न्यायाधीशको दरबन्दीमा कार्यरत छन्। यो वर्ष देवानीतर्फ २ सय ८ थान मुद्दामध्ये १ सय ९ थान फैसला भए। फौजदारीतर्फ ५८ थान मुद्दामध्ये २१ थान फैसला भए।




### बाल अधिकार

यस वर्ष गोरखा जिल्लामा यौन दुर्व्यवहारको घटनामा चार, बलात्कारका घटनामा पाँच र बेचबिखन तथा ओसारपसार घटनामा दुई जना बालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

### शिक्षाको अवस्था

जिल्लामा ३ सय २९ आधारभूत र १ सय ३५ माध्यमिक विद्यालय छन्। चुमनुब्री र धार्चे गाउँपालिकामा कठिन भूगोलले, छरिएको बस्ती, चिसो हावापानी, यातायात पूर्वाधारको कमी, शुन्य माध्यमिक तहको दरबन्दीजस्ता कारण गुणस्तरीय शिक्षा प्रवाह हुन सकेको छैन।

### बलात्कार

१२ वर्षीया बालिकालाई ०७९ पुस ३० गते र माघ २० गते बलात्कार गरेको आरोपमा सिरानचोक गाउँपालिका-४ आरूबोटका ६० वर्षीय रमेश पोखरेलविरूद्ध पीडितका आफन्तले माघ २६ गते जिल्ला प्रहरी कार्यालयमा मौखिक र माघ २७ गते लिखित उजुरी दिए। प्रहरीले आरोपितलाई माघ २६ गते गिरफ्तार गऱ्यो। जिल्ला अदालतका न्यायाधीश तेजेन्द्रप्रसाद शर्माको ०८० भदौ ६ गतेको इजलासले यौन दुर्व्यवहार ठहर भइ दुई वर्ष कैद, २० हजार रुपियाँ जरिबाना, २ लाख रुपियाँ क्षतिपूर्तिको फैसला सुनायो।

### महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भन्दै ७२ जनाले जिल्ला प्रहरी कार्यालयको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दिए। पतिपत्नी झैं-झगडाका ५२, सासूबुहारी झैंझगडाका ६, आमाछोरा झैंझगडाका दुई, विवाह दर्ता तथा नागरिकता

नबनाएका दुई, पतिले वास्ता नगरेका नौ, देवरभाउजू झैँझगडाको एउटा उजुरी दर्ता भएको जिल्ला प्रहरी कार्यालयका डिएसपी रमेशकुमार श्रेष्ठले बताए। तीमध्ये ५७ उजुरीमा मेलमिलाप भयो। ११ जना पीडित थप न्यायका लागि अन्य निकायमा गए। चार जना उजुरीपछि सम्पर्कमै आएनन्।

यो वर्ष गोरखा जिल्लामा बलात्कारका घटनामा सात, बलात्कार प्रयासको घटनामा एक, बोक्सीको आरोपको घटनामा एक र घरेलु हिंसाका घटनामा तीन जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

**तालिका ५.४.११** घटनाको प्रकार अनुसार पीडित सङ्ख्या

| घटनाको प्रकार | | अन्यपक्षबाट | | |
|---|---|---|---|---|
| | | महिला | पुरुष | जम्मा |
| कुटपिट | | | १ | १ |
| अमानवीय व्यवहार | | १ | १ | २ |
| घाइते | | | १ | १ |
| हत्या | | ३ | १ | ४ |
| बाल अधिकार | बेचबिखन तथा ओसारपसार | २ | | २ |
| | बलात्कार | ५ | | ५ |
| | यौन दुर्व्यवहार | ४ | | ४ |
| | जम्मा | ११ | | ११ |
| महिला अधिकार | घरेलु हिंसा | ३ | | ३ |
| | बोक्सीको आरोप | १ | | १ |
| | बलात्कार | ७ | | ७ |
| | बलात्कार प्रयास | १ | | १ |
| | जम्मा | १२ | | १२ |
| **कूल जम्मा** | | २७ | ४ | ३१ |

(स्रोत : इन्सेक, २०२३)

## स्वास्थ्य सेवाको अवस्था

जिल्लामा दुई सरकारी अस्पताल, ६७ स्वास्थ्य चौकी, तीन प्रथामिक स्वास्थ्य केन्द्र, १६ आधारभूत स्वास्थ्य एकाइ, सात शहरी स्वास्थ्य केन्द्र, ५० सामुदायिक स्वास्थ्य एकाइ रहेका स्वास्थ्य कार्यालय गोरखाका प्रमुख यमप्रसाद शर्माले बताए। जिल्लाका २० हजार ३ सय १९ परिवारका १ लाख २ सय ४७ जना स्वास्थ्य बीमामा आबद्ध छन्। प्रदेश सरकारले 'ख' वर्गको अपाङ्गता भएका शहिद, जनआन्दोनलका घाइतेको परिवारका लागि नि:शुल्क बीमा गरेको छ।

**तालिका ५.४.१.२** सन् २०२३ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

**बाल अधिकार**

| घटनाको प्रकार | अनुसन्धान | मुद्दा टुङ्गिएका | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|---|
| बेचबिखन तथा ओसारपसार | १ | | | १ |
| बलात्कार | | १ | ४ | ५ |
| यौन दुर्व्यवहार | २ | | १ | ३ |
| जम्मा | ३ | १ | ५ | ९ |

**महिला अधिकार**

| घटनाको प्रकार | मेलमिलाप | अनुसन्धान | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|---|
| घरेलु हिंसा | १ | १ | १ | ३ |
| 'बोक्सी'को आरोप | | | १ | १ |
| बलात्कार | | १ | ६ | ७ |
| बलात्कार प्रयास | | १ | | १ |
| **जम्मा** | १ | ३ | ८ | १२ |

**मारिएकाको घटना सङ्ख्या**

| घटनाको प्रकार | अनुसन्धान | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|
| हत्या | १ | ३ | ४ |

(स्रोत : इन्सेक, २०२३)

# ५.४.२ मनाङ




| | |
|---|---|
| जम्मा जनसङ्ख्या | ५,६५८ |
| महिला | २,४६६ |
| घर परिवार सङ्ख्या | १,५४७ |
| घरजग्गामा महिलाको स्वामित्व | ४४७ |
| साक्षरता प्रतिशत | ७८.३६ |
| आश्रित जनसङ्ख्या | १,९०९ |
| अपाङ्गता भएका | २६५ |

### कारागार र बन्दी

१५ जनाको क्षमता रहेको जिल्ला कारागारमा ६ जना पुरुष छन्। जसमा कैदी एक जना र बन्दी पाँच जना छन्। कारागारमा बलात्कारसम्बन्धी मुद्दाका एक जना, हत्याका दुई जना, सवारी ज्यान मुद्दाका एक जना, सुन तस्करीका एक जना र हत्या प्रयासका एक जना रहेका जेलर सागर ढकालले बताए।

### सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा एक जना न्यायाधीशको दरबन्दी रहेकोमा कार्यरत छन्। यो वर्ष मनाङमा दुई थान फौजदारी मुद्दा दर्ता भए। जसमध्ये एक थान फैसला भयो।

### बाल अधिकार

#### शिक्षाको अवस्था

मनाङ जिल्ला २०७४ सालमा साक्षर जिल्ला घोषणा भइसकेको छ। तर, २०७८ को जनगणनाले ७८.३६ प्रतिशत साक्षर रहेका देखाएको छ। जिल्लामा २६ ओटा सामुदायिक विद्यालय छन्। यहाँका अधिकांश बालबालिका अध्ययनका लागि अन्य जिल्लामा रहने हुनाले विद्यार्थीको सङ्ख्या न्यून रहेको शिक्षा विकास तथा समन्वय एकाइका शाखा अधिकृत मतिलाल चपाईंले बताए।

### महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार

यो वर्ष मनाङ जिल्लामा महिला हिंसा विरुद्ध कुनै पनि घटनाको उजुरी नआएको जिल्ला प्रहरी कार्यालयका डिएसपी फणिन्द्र रानाभाटले बताए।

### स्वास्थ्य सेवाको अवस्था

जिल्लामा एक सरकारी अस्पताल, १२ आधारभूत स्वास्थ्य केन्द्र, एक सामुदायिक स्वास्थ्य एकाइ र १३ ओटा स्वास्थ्य चौकी छन्। बेसक्याम्पमा दुईओटा ट्रिटमेन्ट सेन्टर छन्। ट्रिटमेन्ट सेन्टरहरूमा प्रायः बेसक्याम्पमा घुम्न आउने पर्यटकहरू लेक लागेर आउने गर्छन्। यो पर्यटकीय सिजनमा मात्र सञ्चालनमा आउने गर्दछ। जिल्लामा दरबन्दी अनुसारका जनशक्ति नहुँदा व्यवस्थापन राम्रो हुन सकेको छैन।

जिल्ला अस्पतालमा सामान्य रोगको उपचार गरिने भए पनि जटिल खालका रोग तथा शल्यक्रिया गर्नुपरेमा नजिकको जिल्ला लमजुङ तथा अन्यत्र रिफर गरिन्छ। सामान्य भिडियो एक्सरेको सेवा अस्पतालमा नै रहेको छ। जिल्लामा प्रायःजसो मौसमी विषालु च्याउ तथा लालीगुराँसको जुस खाएर बिरामी पर्नेहरू उपचारका लागि आउने गर्छन्। दक्ष जनशक्तिको अभावले गर्दा नयाँ प्रविधिको ल्याब परीक्षणको सुविधा दिन नसकेको मनाङ अस्पतालका स्वास्थ्य सहायक अविन्द्र रजकले बताए। मनाङमा स्वास्थ्य बीमा बोर्ड स्थापना भए पनि लागु भइसकेको छैन।

# ५.४.३ मुस्ताङ




| | |
|---|---|
| जम्मा जनसङ्ख्या | १४,४५२ |
| महिला | ६,५१८ |
| घर परिवार सङ्ख्या | ३,६०६ |
| घरजग्गामा महिलाको स्वामित्व | ७५६ |
| साक्षरता प्रतिशत | ७५.०५ |
| आश्रित जनसङ्ख्या | ६,१६२ |
| अपाङ्गता भएका | ५२६ |

जिल्लाका नागरिक स्वास्थ्य, शिक्षा, रोजगार जस्ता मौलिक अधिकारको उपभोगबाट वञ्चित छन्। जिल्लामा अहिले पनि मुखिया प्रथा यथावत् नै रहेकाले कतिपय सवालहरू गाउँमै छिनोफानो हुने गरेको पाइन्छ। फौजदारी अपराधजन्य घटनाहरू पनि गाउँमै मिलाउने गरेको बताइए पनि त्यसको अभिलेख पाइँदैन। यस जिल्लामा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीसम्बन्धी घटना न्यायिक निकायसम्म पुग्दैनन्। बजार अनुगमन फितलो हुने गरेको छ। यातायातको भरपर्दो व्यवस्था नहुँदा जिल्लामा उपचार सम्भव नभई अन्यत्र रेफर गर्नुपर्ने बिरामीलाई पठाउन असहज हुने गरेको छ।

यस वर्ष मुस्ताङ जिल्लामा ज्यादतीका घटनामा अन्यपक्षबाट सात जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा एक जना बालिका तथा महिला अधिकार उल्लङ्घनका घटनामा ६ जना महिला पीडित भए।

### कारागार र बन्दी

जिल्ला कारागारको क्षमता २५ जनाको छ। कारागारमा १० जना कैदी र तीन जना बन्दी छन्। कारागारमा महिला कैदीबन्दी रहेका छैनन्। कारागारमा पर्खालको व्यवस्था नहुँदा कैदीबन्दीले कोठामै बस्नुपर्ने बाध्यता छ। सुरक्षाको दृष्टिकोणले समेत कारागारको संरचना अनुपयुक्त छ। कैदीबन्दी कोठाबाट शौचालय गएपछि फर्केर सरासर कोठामै जानुपर्ने निमित्त जेलर भगवानलाल साहले बताए।

### सुगम तथा निष्पक्ष न्यायिक अधिकार

एकजना न्यायाधीशको दरबन्दी रहेको जिल्ला अदालतमा यो वर्ष देवानीतर्फ १३ थान मुद्दा दर्ता भएकोमा १२ थान फैसला भए । फौजदारी मुद्दातर्फ पाँच थान मुद्दा दर्ता भएकोमा चार थान फैसला भए। मुद्दाको चाप बढी नहुने हुँदा सुनुवाइमा समस्या छैन।

### बाल अधिकार

यस वर्ष मुस्ताङ जिल्लामा बलात्कारको घटनामा एक जना बालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

**तालिका ५.४.३.१ घटनाको प्रकार अनुसार पीडित सङ्ख्या**

| घटनाको प्रकार | | अन्यपक्षबाट | |
|---|---|---|---|
| | | महिला | जम्मा |
| बाल अधिकार | बलात्कार | १ | १ |
| | जम्मा | १ | १ |
| महिला अधिकार | घरेलु हिंसा | ६ | ६ |
| | जम्मा | ६ | ६ |
| **कूल जम्मा** | | ७ | ७ |

(स्रोत : इन्सेक, २०२३)

**शिक्षाको अवस्था**

जिल्लामा सामुदायिक ३५, कम्पनी विद्यालय चार र गुम्बा विद्यालय आठ गरी ४७ ओटा विद्यालय छन्। हिमाली जिल्लाहरूमा नेपाल सरकारले फागुन १ गतेबाट शैक्षिक सत्र सुरू गर्ने गरेको भए पनि यस वर्षदेखि सबै क्षेत्रको शैक्षिक सत्र एकै बनाउँदा पढाइमा समस्या भएको छ। राज्यले आरक्षण गरेको र निःशुल्क शिक्षा प्रदान गर्ने वर्गमा पर्ने सबैले मुस्ताङमा निःशुल्क शिक्षा पाएका शिक्षा विकास तथा समन्वय एकाइका रामेश्वर लामिछानेले बताए।

**महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार**

यो वर्ष घरेलु हिंसा पीडित भन्दै ६ जना महिलाले जिल्ला प्रहरी कार्यालयको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए । सबै उजुरीमा मेलमिलाप भएको प्रहरीले जनायो।

यो वर्ष मुस्ताङ जिल्लामा घरेलु हिंसाका घटनामा ६ जना महिला पीडित भएको इन्सेकले अभिलेख गर्‍यो।

**स्वास्थ्य सेवाको अवस्था**

जिल्लामा एक जिल्ला अस्पताल, एक प्राथमिक स्वास्थ्य केन्द्र र १५ स्वास्थ्य चौकी छन्। १८ जना स्वास्थ्यकर्मीको दरबन्दी रहेकोमा आठ जना कार्यरत छन्। दुई डाक्टरको दरबन्दी रहेकामा एक जना कार्यरत छन्। जिल्ला अस्पतालमा ०८० भदौदेखि शल्यक्रिया सेवा ठप्प रहयो। शल्यचिकित्सक सरुवा भएपछि नयाँ नआउँदा सेवा बन्द भयो। अस्पतालमा मौसमी ज्वरो, रुघाखोकी, उचाइमा लेक लाग्नेजस्ता समस्या लिएर बिरामी आउने गरेका छन्। गम्भीर प्रकारका बिरामीलाई थप उपचारका लागि पोखरा तथा काठमाडौँमा पठाइने गरिएको छ। सुरक्षित गर्भपतन तथा शल्यक्रिया सेवा दक्ष जनशक्ति अभावमा रोकिएको छ।

**तालिका ५.४.३.२** सन् २०२३ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

| बाल अधिकार | | |
|---|---|---|
| घटनाको प्रकार | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बलात्कार | १ | १ |

| महिला अधिकार | | |
|---|---|---|
| घटनाको प्रकार | मेलमिलाप | जम्मा |
| घरेलु हिंसा | ६ | ६ |

(स्रोत : इन्सेक, २०२३)

# ५.४.४ म्याग्दी




| | |
|---|---|
| जम्मा जनसङ्ख्या | १,०७,०३३ |
| महिला | ५४,८८० |
| घर परिवार सङ्ख्या | २८,७६६ |
| घरजग्गामा महिलाको स्वामित्व | ५,४०७ |
| साक्षरता प्रतिशत | ७९.७० |
| आश्रित जनसङ्ख्या | ५२,८०४ |
| अपाङ्गता भएका | ५,१०५ |

यस वर्ष म्याग्दी जिल्लामा ज्यादतीका घटनामा ३२ जना महिला र एक जना पुरुष पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा पाँच जना बालिका तथा महिला अधिकार उल्लङ्घनका घटनामा २७ जना महिला पीडित भए।

### कारागार र बन्दी

३२ जनाको क्षमता भएको जिल्ला कारागारमा ८५ जना कैदीबन्दी छन्। जसमा ८२ पुरुष र तीन जना महिला छन्। कैदीबन्दीलाई मुढा बनाउने र फर्निचर बनाउने सीपमूलक तालिमको व्यवस्था गरिएको छ। कारागारमा तीन जना ज्येष्ठ नागरिक पुरुष छन्। पाँच जनाले प्रेसर, दुई जनाले सुगर र एक जनाले मानसिक रोगको नियमित औषधी सेवन गर्ने गरेको जेलर प्रतिज्ञा सुवेदीले बताइन्।

### सुगम तथा निष्पक्ष न्यायिक अधिकार

एक जना न्यायाधीशको दरबन्दी रहेको जिल्ला अदालतमा यस वर्ष देवानी मुद्दातर्फ १ सय ५१ मुद्दामा १ सय ५ थान फैसला भए भने ४६ थान बाँकी रहे। फौजदारी मुद्दातर्फ ४० थान मुद्दामा आठ थान फैसला भए भने ३२ थान बाँकी रहे। दुई वर्षभन्दा पुरानो एक थान मुद्दा बाँकी रहेको अदालतका स्रेस्तेदार भोलाराज रेग्मीले बताए।

### बाल अधिकार

यस वर्ष म्याग्दी जिल्लामा यौन दुर्व्यवहारका घटनामा दुई र बलात्कारका घटनामा तीन जना बालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

### शिक्षाको अवस्था

जिल्लामा १ सय ८९ आधारभूत र ६९ माध्यमिक विद्यालय छन्। जिल्लाभित्रका तीन विद्यालयमा अपाङ्गता स्रोत कक्षा भए पनि अपाङ्गतामैत्री कक्षाकोठा भएका विद्यालय नभएको शिक्षा विकास तथा समन्वय एकाइ प्रमुख दलबहादुर थापा मगरले बताए।

**तालिका ५.४.४.१ घटनाको प्रकार अनुसार पीडित सङ्ख्या**

| घटनाको प्रकार | | अन्यपक्षबाट | | |
|---|---|---|---|---|
| | | महिला | पुरुष | जम्मा |
| जातीय विभेद | | | १ | १ |
| बाल अधिकार | बलात्कार | ३ | | ३ |
| | यौन दुर्व्यवहार | २ | | २ |
| | जम्मा | ५ | | ५ |
| महिला अधिकार | घरेलु हिंसा | २६ | | २६ |
| | बलात्कार | १ | | १ |
| | जम्मा | २७ | | २७ |
| **कूल जम्मा** | | ३२ | १ | ३३ |

(स्रोत : इन्सेक, २०२३)

**यौन दुर्व्यवहार**

१० वर्षीया बालिकालाई ०७९ फागुन ५ गते यौन दुर्व्यवहार गरेको आरोपमा मङ्गला गाउँपालिका-५ शिर्कुमका २० वर्षीय ओमे भन्ने राज थापाविरूद्ध पीडित पक्षले फागुन १० गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले फागुन १० गते अर्मनबाट गिरफ्तार गर्‍यो। जिल्ला अदालतका न्यायाधीश कृष्णप्रसाद शर्मा नेपालको ०८० असोज १० गतेको इजलासले आरोपितलाई २ वर्ष कैद र २० हजार रुपियाँ जरिबानाको फैसला सुनायो।

**महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार**

यो वर्ष घरेलु हिंसा पीडित भन्दै ३६ जना महिलाले जिल्ला प्रहरी कार्यालयको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा मादक पदार्थ सेवन गरी कुटपिट ६, खानलाउन नदिएका चार, विवाह दर्ता नगरिदिएका चार, कुटपिट गरेका तीन, हेला गरेका दुई, मादकपदार्थ सेवन गरी झैंझगडाका चार, धम्की दिएका पाँच, हातपात गरेका पाँच र झगडा गरेका तीन उजुरी छन्। दर्ता भएका सबै उजुरीमा मेलमिलाप भएको सेवा केन्द्रकी असई सुशीला थापाले बताइन्।

यो वर्ष म्याग्दी जिल्लामा बलात्कारको घटनामा एक र घरेलु हिंसाका घटनामा २६ जना महिला पीडित भएको इन्सेकले अभिलेख गर्‍यो।

**स्वास्थ्य सेवाको अवस्था**

जिल्लामा एक अस्पताल, एक प्राथमिक स्वास्थ्य केन्द्र, ३९ स्वास्थ्य चौकी र चार ओटा शहरी स्वास्थ्य केन्द्र छन्। ०७२ सालदेखि थालिएको अस्पताल भवनको निर्माण कार्यले यो वर्षको अन्त्यसम्म  पूर्णता पाउन नसकेको अस्पताल व्यवस्थापन समितिका अध्यक्ष ज्ञानेन्द्रप्रसाद सुवेदीले बताए।

**तालिका ५.४.४.२** सन् २०२३ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि  बढाइएका घटना सङ्ख्या

| बाल अधिकार | | |
|---|---|---|
| घटनाको प्रकार | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बलात्कार | ३ | ३ |
| यौन दुर्व्यवहार | २ | २ |
| जम्मा | ५ | ५ |

| महिला अधिकार | | | |
|---|---|---|---|
| घटनाको प्रकार | मेलमिलाप | कानुनी दायरामा ल्याइएका | जम्मा |
| घरेलु हिंसा | २५ | १ | २६ |
| बलात्कार | | १ | १ |
| जम्मा | २५ | २ | २७ |

(स्रोत : इन्सेक, २०२३)

# ५.४.५ कास्की




| | |
|---|---|
| जम्मा जनसङ्ख्या | ६,००,०५१ |
| महिला | ३,०७,२६० |
| घर परिवार सङ्ख्या | १,६०,४१६ |
| घरजग्गामा महिलाको स्वामित्व | ५४,४९५ |
| साक्षरता प्रतिशत | ८७.७३ |
| आश्रित जनसङ्ख्या | २,५६,५४२ |
| अपाङ्गता भएका | १२,३६२ |

यस वर्ष कास्की जिल्लामा ज्यादतीका घटनामा १ सय ४८ जना महिला र १६ जना पुरुष पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा १६ जना बालिका तथा महिला अधिकार उल्लङ्घनका घटनामा १ सय २८ जना महिला पीडित भए।

### बम विष्फोटबाट घाइते

**अन्यपक्षबाट**

पोखरा मनपा-३३ ठूलढुङ्गाको १५ र १३ वर्षीय दुई बालकले ०७९ फागुन ९ गते वनमा भेट्टाएर ल्याएको पदार्थ विस्फोट हुँदा घाइते भए। घाइतेहरूको उपचार पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान, रामघाटमा भयो। पीडितले वर्षको अन्त्यसम्म राज्यबाट कुनै सहयोग पाएनन्।

### कुटपिट

**अन्यपक्षबाट**

लमजुङकी ५७ वर्षीया सुकमाया दुरालाई ०८० असोज ७ गते सामान्य ज्वरो आएपछि उपचारका लागि मणिपाल शिक्षण अस्पतालमा ल्याइएकोमा उपचारको क्रममा असोज ८ गते अस्पतालमै निधन भएपछि मृतकका आफन्तले उपचारमा लापरबाही भएको भन्दै चिकित्सक अनिल शाहमाथि कुटपिट गरेको पीडित पक्षले आरोप लगायो। पीडित पक्षले पोखरा मनपा-५, मालेपाटन निवासी विनय गुरुङ र पोखरा मनपा- १७ हनुमान टोलका सुशील कार्कीविरुद्ध असोज ८ गते जिल्ला प्रहरी कार्यालमा उजुरी दियो। प्रहरीले आरोपितलाई असोज ८ गते मणिपाल अस्पतालबाटै गिरफ्तार गऱ्यो। जिल्ला अदालतले असोज २६ गते आरोपितद्वयलाई पुर्पक्षका लागि थुनामा पठाउने आदेश गऱ्यो।

शान्ति सुरक्षा कायम गर्न खटिएका इन्स्पेक्टर मदन श्रेष्ठले 'डाक्टरहरूलाई कुटेर आएँ' भनेको आरोपमा जिल्ला प्रहरी कार्यालय कास्कीले निलम्बन गर्न गृह मन्त्रालयलाई सिफारिस गऱ्यो। सो सिफारिसका आधारमा गृह मन्त्रालयले ६ महिनाका लागि इन्स्पेक्टर श्रेष्ठलाई निलम्बन गऱ्यो।

### कारागार र बन्दी

जिल्ला कारागारको क्षमता ४ सय २० जनाको भए पनि ७ सय ५५ जना कैदीबन्दी रहेको जेलर राजेन्द्र शर्माले बताए। जसमध्ये महिला ४७ जना र पुरुष ७ सय ५ जना कैदीबन्दी छन्। आश्रित बालबालिका तीन जना छन्। क्षमताभन्दा बढीकैदी बन्दी हुँदा एउटै कोठामा ८० जनासम्म कोचिएर बस्नुपर्ने बाध्यता रहेको छ। पुरानो तथा जीर्ण भवन चुहिने गरेको र भत्किने त्रासमा कैदीबन्दी बस्नुपर्छ। केन्द्र सरकारले चालु आर्थिक वर्षका लागि ११ लाख रुपियाँ बजेट विनियोजन गरेको छ। यो रकम आर्थिक वर्ष सुरु भएको

**तालिका ५.४.५.१ घटनाको प्रकार अनुसार पीडित सङ्ख्या**

| घटनाको प्रकार | | अन्यपक्षबाट | | |
|---|---|---|---|---|
| | | महिला | पुरुष | जम्मा |
| कुटपिट | | १ | ७ | ८ |
| अमानवीय व्यवहार | | | ३ | ३ |
| घाइते | | | २ | २ |
| हत्या | | १ | १ | २ |
| जातीय विभेद | | १ | १ | २ |
| धम्की | | १ | २ | ३ |
| बाल अधिकार | बेचबिखन तथा ओसारपसार | २ | | २ |
| | बलात्कार | ९ | | ९ |
| | यौन दुर्व्यवहार | ५ | | ५ |
| | जम्मा | १६ | | १६ |
| महिला अधिकार | घरेलु हिंसा | १२५ | | १२५ |
| | बलात्कार | १ | | १ |
| | बोचबिखन तथा ओसारपसार | २ | | २ |
| | जम्मा | १२८ | | १२८ |
| **कूल जम्मा** | | १४८ | १६ | १६४ |

(स्रोत : इन्सेक, २०२३)

केही समयमै सकिन्छ। कैदीबन्दीहरू कोचिएर बस्नुपर्ने भएकाले सानोतिनो विषयमा पनि वादविवाद हुने गरेको जेलर शर्माले बताए। कारागारमा मेडिकल अधिकृतको दरबन्दी रहेको भए पनि सिअहेव कार्यरत छन्।

## बाल सुधार गृह

५० जना बालकको क्षमता भएको बाल सुधार गृहमा ९७ जना बालक छन्। जसमा ५८ जना कैद तोकिएका र ३९ जना कैद नतोकिएका छन्। सुधार गृहमा १८ वर्षभन्दा माथिका पनि छन्। मुद्दा चल्दै गर्दा १८ वर्ष उमेर नकटेकाहरू मुद्दा फैसला नहुँदासम्म गृहमै बस्नुपर्ने कानुनी प्रावधान छ। अध्ययनका लागि कक्षाकोठाको प्रबन्ध भए पनि शिक्षक दुईजना मात्रै छन्। कक्षा १० सम्ममात्र पठनपाठन हुन्छ। माथिल्लो कक्षा पढ्न चाहनेले स्वअध्ययन गर्नुपर्छ। पर्खालको उचित व्यवस्था नहुँदा सुरक्षामा चुनौती छ। सुधार गृहबाट ०८० जेठ २३ गते तीन जना बालक फरार भए। एकजना बालक अझै फरार रहेको जिल्ला प्रहरी कार्यालय, कास्कीका डिएसपी श्रवणकुमार विकले बताए।

## सुगम तथा निष्पक्ष न्यायिक अधिकार

### जिल्ला अदालत

जिल्ला अदालतमा आठ जना न्यायाधीशको दरबन्दी रहेको छ। यो वर्ष जिल्ला अदालतमा देवानी मुद्दातर्फ २ हजार २ सय २९ मुद्दामध्ये १ हजार २ सय ९९ थान फैसला भए। फौजदारी मुद्दातर्फ २ हजार १ सय ८९ थान मुद्दामध्ये ८ सय ६७ थान फैसला भए। दुई वर्ष नाघेका १९ थान मुद्दा रहेको अदालतका सूचना अधिकारी सुरज अधिकारीले बताए।

### उच्च अदालत

उच्च अदालतमा सात जना न्यायाधीशको दरबन्दी रहेको छ। यो वर्ष उच्च अदालतमा देवानी मुद्दातर्फ ५ सय ३१ थान मुद्दामध्ये २ सय ८९ थान फैसला भए। फौजदारी मुद्दातर्फ १ हजार ५ सय २० थान मुद्दामध्ये ९ सय ८० थान फैसला भएको अदालतका सूचना अधिकारी विश्वनाथ अर्यालले बताए।

## बाल अधिकार

यस वर्ष कास्की जिल्लामा यौन दुर्व्यवहारका घटनामा पाँच, बलात्कारका घटनामा नौ र बेचबिखन तथा ओसारपसारका घटनामा दुई जना बालिका पीडित भएको इन्सेकले अभिलेख गर्‍यो।

### शिक्षाको अवस्था

जनगणना २०७८ अनुसार जिल्लाको साक्षरता प्रतिशत ८७.७३ छ। कास्कीका पाँच ओटै स्थानीय तहमा ३ सय ७७ ओटा बाल विकास केन्द्र छन्। ३ सय ७५ ओटा सामुदायिक विद्यालय र २ सय ५९ ओटा संस्थागत विद्यालय गरी १ हजार ११ ओटा विद्यालय छन्।

### यौन दुर्व्यवहार

६ वर्षीया बालिकालाई ०८० असार २३ गते यौन दुर्व्यवहार गरेको आरोपमा पोखरा मनपा-५ मालेपाटनका ५५ वर्षीय गम्भीर सार्कीविरुद्ध पीडितका आफन्तले ०८० असार २४ गते जिल्ला प्रहरी कार्यालय कास्कीमा लिखित उजुरी दिए। मौखिक उजुरीका आधारमा आरोपितलाई प्रहरीले असार २३ गते घरैबाट गिरफ्तार गर्‍यो। जिल्ला अदालत कास्कीका न्यायाधीश केशवप्रसाद बास्तोलाको ०८० कात्तिक १५ गतेको इजलासले आरोपितलाई तीन महिना कैद सजाय, ५

हजार रुपियाँ क्षतिपूर्ति र ३ हजार रुपियाँ जरिबाना तिराउने फैसला सुनायो।

### महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भन्दै १ सय ४८ जना महिलाले जिल्ला प्रहरी कार्यालयको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमध्ये पतिपत्नी झैझगडाका १ सय १२, विवाह दर्ता तथा नागरिकता नबनाइदिएका दुई र अन्य हिंसाका ३४ ओटा उजुरी आएको सेवा केन्द्रकी इन्स्पेक्टर समीक्षा घिमिरेले बताइन्। यीमध्ये प्रहरीले १ सय २२ ओटामा मेलमिलाप गरायो भने सात ओटा अन्य निकायमा पुगेको, १८ जना उजुरीपछि सम्पर्क विहीन भएको र एक जना अदालत गएको इन्स्पेक्टर घिमिरेले बताइन्।

यो वर्ष कास्की जिल्लामा बलात्कारको घटनामा एक, बेचबिखन तथा ओसारपसार घटनामा दुई र घरेलु हिंसाका घटनामा १ सय २५ जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

### बेचबिखन तथा ओसारपसार

२० वर्षीया महिलालाई भारतमा राम्रो काम लगाइदिने भन्दै ०७९ चैत १० गते पोखराबाट भारतको बिहारस्थित महोहम्पदपुर सागर भन्ने ठाउँमा पुऱ्याएर बेचेको आरोपमा पीडितले पोखरा मनपा-१ सिमपानीकी २१ वर्षीया बबिता पुर्जा मगरविरुद्ध जिल्ला प्रहरी कार्यालय कास्कीमा ०८० वैशाख ११ गते उजुरी दिइन्। आरोपितलाई प्रहरीले वैशाख १३ गते गिरफ्तार गऱ्यो। जिल्ला अदालतका न्यायाधीश केशवप्रसाद बस्तोलाको असार ११ गतेको इजलासले आरोपितलाई २ वर्ष कैद र २० हजार रुपियाँ पीडित महिलालाई क्षतिपूर्ति दिने फैसला गऱ्यो।

### जातीय विभेद

पोखरा मनपा-२४ की ३६ वर्षीया वडा सदस्य मैया नेपालीलाई ०७९ पुस १८ गते अपशब्द प्रयोग गरी गालीगलौज गरेको आरोपमा ४५ वर्षीय वडाध्यक्ष भरतबहादुर अधिकारीविरुद्ध पीडितले पुस २४ गते जिल्ला प्रहरी कार्यालय कास्कीमा उजुरी दिइन्। आरोपितलाई प्रहरीले पुस २६ गते गिरफ्तार गऱ्यो। अधिकारी माघ ९ गते जिल्ला अदालतमा १ लाख ५० हजार रुपियाँ धरौटी बुझाएर रिहा भए। न्यायाधीश अवनी मैनाली भट्टराईको ०८० मङ्सिर ७ गतेको इजलासले आरोपितलाई साढे चार महिना कैद, ७५ हजार रुपियाँ जरिबाना र १० हजार रुपियाँ पीडितलाई क्षतिपूर्ति दिने फैसला गऱ्यो। तीन महिना कैद ५० हजार जरिबाना भनिएपनि जनप्रतिनिधि भएकाले ५० प्रतिशत थप सजाय तोकियो।

### स्वास्थ्य सेवाको अवस्था

जिल्लामा सरकारी अस्पताल पाँच, क्षयरोग उपाचार केन्द्र एक, प्राथमिक स्वास्थ्य सेवा केन्द्र चार, स्वास्थ्य चौकी ४२, आधारभूत स्वास्थ्य सेवा केन्द्र ११, सामुदायिक स्वास्थ्य एकाइ १३ र अन्य स्वास्थ्य केन्द्र सात ओटा रहेका छन्। त्यसैगरी, जिल्ला आयुर्वेद केन्द्र एक, आयुर्वेद औषधालय पाँच, नागरिक आरोग्य केन्द्र तीन, गाउँघर क्लिनिक १ सय ६६, खोप क्लिनिक २ सय ३० र महिला स्वास्थ्य स्वयम् सेवा १ हजार ४९ ओटा रहेको स्वास्थ्य कार्यालय, कास्कीका सूचना अधिकारी विष्णुप्रसाद पौडेलले बताए।

**तालिका ५.४.५.२** सन् २०२३ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

| बाल अधिकार | | | |
|---|---|---|---|
| **घटनाको प्रकार** | **मुद्दा टुङ्गिएका** | **कानुनी दायरामा ल्याइएका** | **जम्मा** |
| बेचबिखन तथा ओसारपसार | | १ | १ |
| बलात्कार | | ९ | ९ |
| यौन दुर्व्यवहार | २ | ३ | ५ |
| जम्मा | २ | १३ | १५ |

| महिला अधिकार | | | | | |
|---|---|---|---|---|---|
| **घटनाको प्रकार** | **मुद्दा टुङ्गिएका** | **मेलमिलाप** | **अपूर्ण** | **कानुनी दायरामा ल्याइएका** | **जम्मा** |
| घरेलु हिंसा | | ११९ | १ | ५ | १२५ |
| बलात्कार | | | | १ | १ |
| बेचबिखन तथा ओसारपसार | १ | | | | १ |
| जम्मा | १ | ११९ | १ | ६ | १२७ |

| मारिएकाको घटना सङ्ख्या | | | |
|---|---|---|---|
| **घटनाको प्रकार** | **अनुसन्धान** | **कानुनी दायरामा ल्याइएका** | **जम्मा** |
| हत्या | १ | १ | २ |

(स्रोत : इन्सेक, २०२३)

# ५.४.६ लमजुङ




| | |
|---|---|
| जम्मा जनसङ्ख्या | १,५५,८५२ |
| महिला | ८१,७७५ |
| घर परिवार सङ्ख्या | ४४,०७४ |
| घरजग्गामा महिलाको स्वामित्व | ११,७९४ |
| साक्षरता प्रतिशत | ७७.४९ |
| आश्रित जनसङ्ख्या | ७४,२४३ |
| अपाङ्गता भएका | ५,५५७ |

यस वर्ष लमजुङ जिल्लामा ज्यादतीका घटनामा ५४ जना महिला र पाँच जना पुरुष पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा नौ जना बालिका तथा महिला अधिकार उल्लङ्घनका घटनामा ४४ जना महिला पीडित भए।

### कारागार र बन्दी

१० जना महिला र ४० जना पुरुषको क्षमता रहेको जिल्ला कारागार लमजुङमा ९५ जना कैदीबन्दी छन्। जसमा ६ जना महिला छन्। कारागारमा स्वास्थ्यकर्मी छैनन्। कारागारको अनुरोधमा बेसीशहर नगरपालिका स्वास्थ्य शाखाका कर्मचारीले महिनाको एकपटक कैदीबन्दीको स्वास्थ्य परीक्षण गर्ने गरेको कारागार प्रमुख कमलपति अधिकारीले बताए।

### सुगम तथा निष्पक्ष न्यायिक अधिकार

दुई जना न्यायाधीशको दरबन्दी रहेको जिल्ला अदालतमा यो वर्ष देवानी मुद्दा ४ सय ६८ थानमध्ये २ सय ७७ थान फैसला भए। १ सय ९१ थान बाँकी रहे। १ सय ४८ थान फौजदारी मुद्दामध्ये ५२ थान फैसला भए। ९६ थान बाँकी रहेका जिल्ला प्रशासन कार्यालयका नासु नवराज जोशीले बताए।

### बाल अधिकार

यस वर्ष लमजुङ जिल्लामा यौन दुर्व्यवहारका घटनामा चार र बलात्कारका घटनामा पाँच जना बालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

### शिक्षाको अवस्था

जिल्लामा २ सय ३४ आधारभूत र ८२ माध्यमिक विद्यालय छन्। विद्यालयहरूमा शौचालय र खानेपानीको राम्रो व्यवस्था भए पनि अपाङ्गतामैत्री विद्यालय भने कतै पनि नरहेको शिक्षा विकास तथा समन्वय एकाइका प्रमुख वीरबहादुर गुरुङले बताए।

### यौन दुर्व्यवहार

नौ वर्षीया बालिकालाई ०७९ फागुन ९ गते यौन दुर्व्यवहार गरेको आरोपमा राइनास नपा-१० का ३५ वर्षीय भक्तबहादुर गुरुङविरुद्ध पीडित पक्षले फागुन १० गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। प्रहरीले आरोपितलाई फागुन १० गते घरैबाट गिरफ्तार गऱ्यो। जिल्ला अदालतका न्यायाधीश शिवप्रसाद खनालको चैत १७ गतेको इजलासले आरोपितलाई दुई महिना कैद सजाय, १० हजार रुपियाँ जरिवाना र ४ सय रुपियाँ पीडित राहत कोषमा जम्मा हुने फैसला सुनायो।

### महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भन्दै ४९ जना महिलाले जिल्ला प्रहरी कार्यालयको महिला,

**तालिका ५.४.६.१** घटनाको प्रकार अनुसार पीडित सङ्ख्या

| घटनाको प्रकार | | अन्यपक्षबाट | | |
|---|---|---|---|---|
| | | महिला | पुरुष | जम्मा |
| कुटपिट | | | १ | १ |
| हत्या | | १ | २ | ३ |
| जातीय विभेद | | | २ | २ |
| बाल अधिकार | बलात्कार | ५ | | ५ |
| | यौन दुर्व्यवहार | ४ | | ४ |
| | जम्मा | ९ | | ९ |
| महिला अधिकार | घरेलु हिंसा | ४२ | | ४२ |
| | बलात्कार | २ | | २ |
| | जम्मा | ४४ | | ४४ |
| **कूल जम्मा** | | ५४ | ५ | ५९ |

(स्रोत : इन्सेक, २०२३)

बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा पतिले कुटपिट गरेको १४, विवाह दर्ता नगरिदिएको नौ, मानसिक तनाव दिएको ६ र सामान्य घर झगडाका २० ओटा रहेका छन्। प्रहरीले सबै उजुरीमा मेलमिलाप गराएको प्रहरी जवान मालती रानाले बताइन्।

यो वर्ष लमजुङ जिल्लामा बलात्कारका घटनामा दुई र घरेलु हिंसाका घटनामा ४२ जना महिला पीडित भएको इन्सेकले अभिलेख गर्‍यो।

## स्वास्थ्य सेवाको अवस्था

जिल्लामा दुई अस्पताल र ५७ ओटा स्वास्थ्य चौकी छन्। अस्पतालमा ब्लड बैङ्क नहुँदा समस्या छ। दरबन्दी अनुसारका कर्मचारीको अभाव र पूर्वाधारमा कमी हुँदा अस्पतालबाट सेवा दिन समस्या रहेको अस्पतालकी सूचना अधिकारी अञ्जना पौडेलले बताइन्।

मर्स्याङदी गाउँपालिका-९ सिम्पानी पामचोककी २६ वर्षीया शोभा बिक ०८० मङ्सिर ११ गते जिल्ला अस्पतालमा भर्ना भइन्। शल्यक्रियामार्फत मङ्सिर १२ गते मृत शिशु जन्मियो। सुत्केरी बिकको रगत बग्न नरोकिएपछि चितवन मेडिकल कलेज रिफर गरिएकोमा मङ्सिर १२ गते साँझ चितवन मेडिकल कलेजमा उपचारको क्रममा मृत्यु भयो। तर, मृतकका आफन्तले भने डाक्टरले गलत औषधीको प्रयोग गरेको कारणले आमा र बच्चाको मृत्यु भएको भन्दै अस्पताल अगाडि प्रदर्शन गरे। पीडित पक्ष र अस्पतालबिच मङ्सिर २१ गते मृतकका पतिलाई अस्पतालमा काम दिने, जिल्लाका गर्भवती महिलालाई निःशुल्क उपचार गराउने, मृतकको परिवारलाई जीवनकालसम्म निःशुल्क उपचार सेवा प्रदान गर्ने सहमति भएको अस्पतालकी सूचना अधिकारी अञ्जना पौडेलले बताइन्।

**तालिका ५.४.६.२** सन् २०२३ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

**बाल अधिकार**

| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|
| बलात्कार | | ४ | ४ |
| यौन दुर्व्यवहार | २ | २ | ४ |
| जम्मा | २ | ६ | ८ |

**महिला अधिकार**

| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | मेलमिलाप | अनुसन्धान | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|---|---|
| घरेलु हिंसा | १ | ३७ | १ | ३ | ४२ |
| बलात्कार | | | १ | १ | २ |
| जम्मा | १ | ३७ | २ | ४ | ४४ |

**मारिएकाको घटना सङ्ख्या**

| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|
| हत्या | १ | २ | ३ |

(स्रोत : इन्सेक, २०२३)

# ५.४.७ तनहुँ




| | |
|---|---|
| जम्मा जनसङ्ख्या | ३,२१,१५३ |
| महिला | १,७१,०५९ |
| घर परिवार सङ्ख्या | ८८,५१३ |
| घरजग्गामा महिलाको स्वामित्व | २७,८२१ |
| साक्षरता प्रतिशत | ८१.६० |
| आश्रित जनसङ्ख्या | १,५१,३७८ |
| अपाङ्गता भएका | ८,७८० |

यस वर्ष तनहुँ जिल्लामा मानव अधिकार उल्लङ्घनका घटनामा पाँच जना पुरुष तथा ज्यादतीका घटनामा ८९ जना महिला र नौ जना पुरुष पीडित भएको इन्सेकले अभिलेख गर्‍यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा २२ जना बालबालिका तथा महिला अधिकार उल्लङ्घनका घटनामा ६४ जना महिला पीडित भए।

### कारागार र बन्दी

१ सय जनाको क्षमता रहेको तनहुँ कारागारमा १ सय २६ कैदी र १ सय ७६ थुनुवा गरी ३ सय २ जना छन्। जसमा महिला सात कैदी र १५ थुनुवा छन्। महिला बन्दीगृहमा तीन जना आश्रित बालिका छन्। कैदीबन्दीको नियमित स्वास्थ्य परीक्षणका लागि एक जना अहेव कार्यरत छन्। कारागारमा एचआईभी सङ्क्रमित दुई जना र उच्च रक्तचापका नौ जना बिरामी छन्। उनीहरूले नियमित औषधी सेवन गरिरहेका छन्। ६० वर्ष नाघेका २९ जना ज्येष्ठ नागरिक पुरुष रहेका जिल्ला कारागारका निमित्त प्रमुख नारायण अधिकारीले बताए।

### सुगम तथा निष्पक्ष न्यायिक अधिकार

तीन जना न्यायाधीशको दरबन्दी रहेको जिल्ला अदालतमा यो वर्ष फौजदारी मुद्दातर्फ ५ सय ३२ थान मुद्दामध्ये ४ सय ९१ थान मुद्दा फैसला भए। देवानी मुद्दातर्फ १ हजार ४ सय ५२ थानमध्ये १ हजार २ सय ६३ थान मुद्दा फैसला भएको जिल्ला अदालतका स्रेस्तेदार केशवप्रसाद पौडेलले बताए। महिला तथा बालबालिकासँग सम्बन्धित घटनामा कतिपय मुद्दा सरकारी वकिलबाट अड्ग नपुगी वा कतिपय मुद्दा आरोपितको पक्षबाट पनि पटकपटक स्थगित गराउने कारणले वा अन्य प्रमाणजन्य कारणले गर्दा मुद्दाको फैसलामा ढिलाइ हुने गरेको स्रेस्तेदार पौडेलले बताए।

### बाल अधिकार

यस वर्ष तनहुँ जिल्लामा यौन दुर्व्यवहारका घटनामा पाँच र बलात्कारका घटनामा १२ जना बालिका पीडित भए भने विद्यालयमा दिइने शारीरिक सजायका घटनामा चार बालिका र एक बालक पीडित भएको इन्सेकले अभिलेख गर्‍यो।

### शिक्षाको अवस्था

जिल्लामा सामुदायिकतर्फ ३ सय १६ आधारभूत र १ सय १९ मावि छन्। विद्यालयमा खेलकुद, अतिरिक्त क्रियाकलाप, सहक्रियाकलाप, भौतिक साधनको सुविधा, विज्ञान प्रयोगशाला, पुस्तकालय, इन्टरनेट, विद्युतीय सुविधा राज्यको खर्चमा निःशुल्क उपलब्ध हुने भनिए पनि यो सुविधा सबै विद्यालयमा उपलब्ध नभएको शाखा अधिकृत रेग्मीले बताए। तनहुँ जिल्ला पूर्ण साक्षर घोषणा भइसकेको छ। तर, जनगणना २०७८ अनुसार ८१.६० प्रतिशत मात्रै साक्षर छन्।

**तालिका ५.४.७.१ घटनाको प्रकार अनुसार पीडित सङ्ख्या**

| घटनाको प्रकार | | राज्यपक्षबाट | | अन्यपक्षबाट | | |
|---|---|---|---|---|---|---|
| | | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| गिरफ्तारी | | ५ | ५ | | | |
| आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार | | | | | २ | २ |
| अमानवीय व्यवहार | | | | | १ | १ |
| हत्या | | | | ४ | ३ | ७ |
| जातीय विभेद | | | | | १ | १ |
| धम्की | | | | | १ | १ |
| बाल अधिकार | विद्यालयमा शारीरिक सजाय | | | ४ | १ | ५ |
| | बलात्कार | | | १२ | | १२ |
| | यौन दुर्व्यवहार | | | ५ | | ५ |
| | जम्मा | | | २१ | १ | २२ |
| महिला अधिकार | घरेलु हिंसा | | | ५३ | | ५३ |
| | बलात्कार | | | ८ | | ८ |
| | बलात्कार प्रयास | | | ३ | | ३ |
| | जम्मा | | | ६४ | | ६४ |
| **कूल जम्मा** | | ५ | ५ | ८९ | ९ | ९८ |

(स्रोत : इन्सेक, २०२३)

## महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भन्दै ४९ महिलाले जिल्ला प्रहरी कार्यालयको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा खानलाउन नदिएको, नागरिकता नबनाइदिएको, विवाह दर्ता नगरेको, अर्की पत्नी ल्याएर हेला गरेको तथा सामान्य घरायसी झगडाका घटना छन्। यीमध्ये प्रहरीले ४७ ओटा घटनामा मेलमिलाप भएको र दुई उजुरीमा कानुनी प्रक्रिया अघि बढेको जिल्ला प्रहरी कार्यालयका डिएसपी मोहनबहादुर खाँडले बताए।

यो वर्ष तनहुँ जिल्लामा बलात्कारका घटनामा आठ, बलात्कार प्रयासका घटनामा तीन र घरेलु हिंसाका घटनामा ५३ जना महिला पीडित भएको इन्सेकले अभिलेख गर्‍यो।

## स्वास्थ्य सेवाको अवस्था

जिल्लामा तीन सरकारी अस्पताल, ४६ स्वास्थ्य चौकी, दुई प्राथमिक स्वास्थ्य केन्द्र, २९ आधारभूत स्वास्थ्य केन्द्र र १५ ओटा शहरी स्वास्थ्य केन्द्र छन्। ती स्वास्थ्य केन्द्रमा २३ जना मेडिकल अधिकृतहरूको दरबन्दी रहेकोमा सात जना स्थायी र चार जना करारका मेडिकल अधिकृतहरू कार्यरत छन्। दमौली अस्पतालमा सञ्चालित शत्रुघन-मञ्जु मृगौला डायलासिस केन्द्रमा रहेका ११ ओटा मेसिनमध्ये सात ओटा बिग्रिएको अस्पताल व्यवस्थापन समितिका अध्यक्ष देवेन्द्र थापाले बताए। दमौली अस्पतालको उक्त डायलासिस केन्द्रमा ५२ जना मृगौलाका बिरामीले नियमित रूपमा डायलासिस गराउँदै आएका छन्। जिल्लामा १ लाख १४ हजार ८ सय ८७ जना स्वास्थ्य बीमामा आबद्ध भएको स्वास्थ्य बीमा बोर्डकी दर्ता अधिकारी सिर्जना पोखेलले बताइन्।

**तालिका ५.४.७.२** सन् २०२३ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

**बाल अधिकार**

| घटनाको प्रकार | मेलमिलाप | अनुसन्धान | कानुनी दायरामा ल्याइएका | कानुनी दायरामा नल्याइएका | जम्मा |
|---|---|---|---|---|---|
| विद्यालयमा दिइने शारीरिक सजाय | ३ | | | १ | ४ |
| बलात्कार | | १ | १० | | ११ |
| यौन दुर्व्यवहार | | १ | २ | | ३ |
| जम्मा | ३ | २ | १२ | १ | १८ |

**महिला अधिकार**

| घटनाको प्रकार | मेलमिलाप | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|
| घरेलु हिंसा | ५१ | २ | ५३ |
| बलात्कार | | ८ | ८ |
| बलात्कार प्रयास | | ३ | ३ |
| **जम्मा** | ५१ | १३ | ६४ |

**मारिएकाको घटना सङ्ख्या**

| घटनाको प्रकार | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|
| हत्या | ७ | ७ |

(स्रोत : इन्सेक, २०२३)

# ५.४.८ नवलपरासी पूर्व




| | |
|---|---|
| जम्मा जनसङ्ख्या | ३,७८,०७९ |
| महिला | २,००,१९२ |
| घर परिवार सङ्ख्या | ९३,८५० |
| घरजग्गामा महिलाको स्वामित्व | ३२,०४२ |
| साक्षरता प्रतिशत | ८२.३५ |
| आश्रित जनसङ्ख्या | १,७२,४८४ |
| अपाङ्गता भएका | १२,०८८ |

यस वर्ष नवलपरासी पूर्व जिल्लामा ज्यादतीका घटनामा २७ जना महिला र १३ जना पुरुष पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा १२ जना बालिका तथा महिला अधिकार उल्लङ्घनका घटनामा १३ जना महिला पीडित भए।

**तालिका ५.४.८.१ घटनाको प्रकार अनुसार पीडित सङ्ख्या**

| घटनाको प्रकार | | अन्यपक्षबाट | | |
|---|---|---|---|---|
| | | महिला | पुरुष | जम्मा |
| कुटपिट | | २ | ११ | १३ |
| घाइते | | | १ | १ |
| हत्या | | | १ | १ |
| बाल अधिकार | बालविवाह | १ | | १ |
| | बलात्कार | ८ | | ८ |
| | यौन दुर्व्यवहार | ३ | | ३ |
| | जम्मा | १२ | | १२ |
| महिला अधिकार | घरेलु हिंसा | ९ | | ९ |
| | बलात्कार | ३ | | ३ |
| | यौन दुर्व्यवहार | १ | | १ |
| | जम्मा | १३ | | १३ |
| **कूल जम्मा** | | २७ | १३ | ४० |

(स्रोत : इन्सेक, २०२३)

### सुगम तथा निष्पक्ष न्यायिक अधिकार

दुई जना न्यायाधीशको दरबन्दी रहेको जिल्ला अदालतमा यो वर्ष फौजदारी मुद्दातर्फ १ सय ५४ थानमध्ये ८९ थान र देवानी मुद्दातर्फ ४ सय ९ थान मुद्दामध्ये ३ सय ३६ थान मुद्दा फैसला भए। अदालतमा दुई वर्ष पुरानो एक थान मुद्दा बाँकी छ।

### बाल अधिकार

यस वर्ष नवलपरासी पूर्व जिल्लामा यौन दुर्व्यवहारको घटनामा तीन, बलात्कारका घटनामा आठ र बालविवाहको घटनामा एक जना बालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

### शिक्षाको अवस्था

जिल्लामा ८६ माध्यमिक र २ सय २२ आधारभूत विद्यालय रहेको शिक्षा विकास तथा समन्वय एकाइ नवलपुरका सूचना अधिकारी तिलक खड्काले बताए।

### बलात्कार

१३ वर्षीया बालिकालाई ०८० जेठ २६ गते बलात्कार गरेको आरोपमा देवचुली नपा-६ मुण्डेका कुमार गाहाविरुद्ध पीडित पक्षले जेठ २७ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। प्रहरीले आरोपितलाई जेठ २७ गते घरैबाट गिरफ्तार गऱ्यो। जिल्ला अदालतका न्यायाधीश उमेशप्रसाद लुइँटेलको मङ्सिर १८ गतेको इजलासले आरोपितलाई १८ वर्ष कैद, ७ लाख रुपियाँ जरिबाना र १ लाख रुपियाँ क्षतिपूर्तिको फैसला सुनायो।

### महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भन्दै ८४ जना महिलाले जिल्ला प्रहरी कार्यालयको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। ८३ उजुरीमा मेलमिलाप गरिएको र एक जना पीडित उजुरीपछि सम्पर्कमा नआएको सेवा

केन्द्रमा कार्यरत असई विन्दु बिकले बताइन्।

यो वर्ष नवलपरासी पूर्व जिल्लामा बलात्कारका घटनामा तीन, यौन दुर्व्यवहारको घटनामा एक र घरेलु हिंसाका घटनामा नौ जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

**स्वास्थ्य सेवाको अवस्था**

जिल्लामा एक जिल्ला अस्पताल, चार नगर अस्पताल, तीन प्राथमिक स्वास्थ्य केन्द्र, ३२ स्वास्थ्य चौकी, ५१ आधारभूत स्वास्थ्य सेवा केन्द्र, १५ सामुदायिक स्वास्थ्य एकाइ, एक जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र, पाँच आयुर्वेद औषधालय र दुई नागरिक आरोग्य सेवा केन्द्र छन्। विशेषज्ञ डाक्टरको अभावले गुणस्तरीय सेवा प्रदानमा र भवन साँघुरो हुँदा सेवाग्राहीलाई सेवा प्रवाहमा कठिनाइ भएको सूचना अधिकारी छविलाल सुवेदीले बताए। जिल्ला अस्पतालले नि:शुल्क प्रदान गरिने ९८ प्रकारका औषधीमध्ये ७० प्रकारका औषधी मात्रै उपलब्ध रहेको सुवेदीले बताए।

**तालिका ५.४.८.२** सन् २०२३ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतिका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

| बाल अधिकार | | | |
|---|---|---|---|
| घटनाको प्रकार | अनुसन्धान | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बाल विवाह | | १ | १ |
| बलात्कार | २ | ६ | ८ |
| यौन दुर्व्यवहार | १ | २ | ३ |
| जम्मा | ३ | ९ | १२ |

| महिला अधिकार | | | | |
|---|---|---|---|---|
| घटनाको प्रकार | मेलमिलाप | अनुसन्धान | कानुनी दायरामा ल्याइएका | जम्मा |
| घरेलु हिंसा | ८ | | १ | ९ |
| बलात्कार | | १ | २ | ३ |
| यौन दुर्व्यवहार | | | १ | १ |
| जम्मा | ८ | १ | ४ | १३ |

| मारिएकाको घटना सङ्ख्या | | |
|---|---|---|
| घटनाको प्रकार | कानुनी दायरामा नल्याइएका | जम्मा |
| हत्या | १ | १ |

(स्रोत : इन्सेक, २०२३)

# ५.४.९ स्याङ्जा




| | |
|---|---|
| जम्मा जनसङ्ख्या | २,५३,०२४ |
| महिला | १,३६,३४६ |
| घर परिवार सङ्ख्या | ६८,९२३ |
| घरजग्गामा महिलाको स्वामित्व | १७,६३१ |
| साक्षरता प्रतिशत | ८१.६७ |
| आश्रित जनसङ्ख्या | १,२२,१५२ |
| अपाङ्गता भएका | ६,५७९ |

यस वर्ष स्याङ्जा जिल्लामा ज्यादतीका घटनामा ४७ जना महिला र दुई जना पुरुष पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा १२ जना बालिका तथा महिला अधिकार उल्लङ्घनका घटनामा ३३ जना महिला पीडित भए।

### कारागार र बन्दी

५० जनाको क्षमता भएको जिल्ला कारागारमा १ सय ४१ कैदीबन्दी छन्। जसमा चार महिला छन्। कारागारमा एक जना स्वास्थ्यकर्मीको दरबन्दी रहेको जेलर चुडामणि भण्डारीले बताए। कारागारमा चार जना ज्येष्ठ नागरिक रहेका छन्। सरकारले तोकेको नि:शुल्क औषधी कारागारबाटै उपलब्ध हुने गरेको छ भने अन्य औषधी कैदीबन्दीले नै व्यवस्था गर्नुपर्ने हुन्छ।

### सुगम तथा निष्पक्ष न्यायिक अधिकार

दुई जना न्यायाधीशको दरबन्दी रहेको जिल्ला अदालतमा एक दरबन्दी रिक्त छ। यो वर्ष फौजदारी मुद्दातर्फ १ सय ७८ थान मुद्दामध्ये १ सय ५ थान फैसला भए। देवानी मुद्दातर्फ ६ सय १९ थानमध्ये ४ सय थान मुद्दा फैसला भएको स्रेस्तेदार भूपिप्रसाद शर्माले बताए।

### बाल अधिकार

यस वर्ष स्याङ्जा जिल्लामा यौन दुर्व्यवहारको घटनामा एक र बलात्कारका घटनामा ११ जना बालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

### शिक्षाको अवस्था

जिल्लामा ३ सय १५ आधारभूत र १ सय ३२ माध्यमिक विद्यालय छन्। जिल्लाभित्रका कुनै पनि विद्यालय अपाङ्गतामैत्री नभएको शिक्षा विकास तथा समन्वय एकाइका सूचना अधिकारी टङ्कराज ढकालले बताए।

### महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भन्दै ४६ जना महिलाले जिल्ला प्रहरी कार्यालयको महिला,

**तालिका ५.४.९.१ घटनाको प्रकार अनुसार पीडित सङ्ख्या**

| घटनाको प्रकार | | अन्यपक्षबाट | | |
|---|---|---|---|---|
| | | महिला | पुरुष | जम्मा |
| घाइते | | | १ | १ |
| हत्या | | २ | १ | ३ |
| बाल अधिकार | बलात्कार | ११ | | ११ |
| | यौन दुर्व्यवहार | १ | | १ |
| | जम्मा | १२ | | १२ |
| महिला अधिकार | घरेलु हिंसा | ३० | | ३० |
| | बलात्कार | २ | | २ |
| | यौन दुर्व्यवहार | १ | | १ |
| | जम्मा | ३३ | | ३३ |
| **कूल जम्मा** | | ४७ | २ | ४९ |

(स्रोत : इन्सेक, २०२३)

बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा खानलाउन नदिएको एक, कुटपिटका १०, नागरिकता नबनाएको तीन, घरायसी झगडाका ३२ उजुरी रहेका छन्। प्रहरीले ३९ उजुरीमा मेलमिलाप गराएको, ६ जना सम्पर्कमा नआएको र एक जना अन्य निकायमा गएको सेवा केन्द्रकी असई भूमिका रोका मगरले बताइन्।

यो वर्ष स्याङ्जा जिल्लामा बलात्कारका घटनामा दुई, यौन दुर्व्यवहारका घटनामा एक र घरेलु हिंसाका घटनामा ३० जना महिला पीडित भएको इन्सेकले अभिलेख गर्‍यो।

## स्वास्थ्य सेवाको अवस्था

जिल्लामा एक सरकारी अस्पताल, स्थानीय तहहरूमा ६ अस्पताल, दुई प्राथमिक स्वास्थ्य केन्द्र, ६५ स्वास्थ्य चौकी, २७ शहरी र २२ आधारभूत स्वास्थ्य केन्द्र छन्। अस्पतालमा सामान्य रोगहरूको उपचार हुने गरे तापनि जटिल खालका रोगको उपचारको लागि पोखरा रिफर गरिने गरेको स्वास्थ्य कार्यालयका प्रमुख कृष्ण अर्यालले बताए। स्याङ्जामा १ लाख ३६ हजार १ सय ७३ जनाले बीमा सेवामा आबद्ध भएर सेवा लिइराखेका छन्। जसमा १९ हजार ३ सय ९४ जना ज्येष्ठ नागरिक रहेको बीमा दर्ता अधिकारी ध्रुव हमालले बताए।

**तालिका ५.४.९.२** सन् २०२३ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

| बाल अधिकार | | |
|---|---|---|
| घटनाको प्रकार | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बलात्कार | ११ | ११ |
| यौन दुर्व्यवहार | १ | १ |
| जम्मा | १२ | १२ |

| महिला अधिकार | | | |
|---|---|---|---|
| घटनाको प्रकार | मेलमिलाप | कानुनी दायरामा ल्याइएका | जम्मा |
| घरेलु हिंसा | २४ | ६ | ३० |
| बलात्कार | | २ | २ |
| यौन दुर्व्यवहार | | १ | १ |
| जम्मा | २४ | ९ | ३३ |

| मारिएकाको घटना सङ्ख्या | | | |
|---|---|---|---|
| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | कानुनी दायरामा ल्याइएका | जम्मा |
| हत्या | १ | २ | ३ |

(स्रोत : इन्सेक, २०२३)

# ५.४.१० पर्वत




| | |
|---|---|
| जम्मा जनसङ्ख्या | १,३०,८८७ |
| महिला | ६९,२०९ |
| घर परिवार सङ्ख्या | ३६,११२ |
| घरजग्गामा महिलाको स्वामित्व | ९,३२७ |
| साक्षरता प्रतिशत | ८०.१२ |
| आश्रित जनसङ्ख्या | ६४,१९८ |
| अपाङ्गता भएका | ४,२५९ |

यस वर्ष पर्वत जिल्लामा ज्यादतीका घटनामा ३६ जना महिला र चार जना पुरुष पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा नौ जना बालबालिका तथा महिला अधिकार उल्लङ्घनका घटनामा २७ जना महिला पीडित भए।

### कारागार र बन्दी

५५ जनाको क्षमता रहेको पर्वत जिल्ला कारागारमा ८६ जना कैदीबन्दी छन्। जसमा चार महिला र एक आश्रित बालक छन्। कारागारमा सुरक्षा पर्खाल र बुर्जा अत्यन्तै जीर्ण र जुनसुकै बेला ढल्न सक्ने अवस्थामा रहेको कारागार प्रमुख शीला श्रेष्ठले बताइन्। कारागारमा १३ जना दीर्घरोगी रहेका कारागारका अहेब धर्मलालकुमार यादवले बताए।

### सुगम तथा निष्पक्ष न्यायिक अधिकार

एक जना न्यायाधीशको दरबन्दी रहेको जिल्ला अदालतमा ४ सय ७२ फौजदारी मुद्दामध्ये ४ सय १ फैसला भई ७१ बाँकी रहेको स्रेस्तेदार राजु ढुङ्गानाले बताए। २ सय १० देवानी मुद्दामा १ सय ६४ फैसला भई ४६ बाँकी रहे।

### बाल अधिकार

यस वर्ष पर्वत जिल्लामा यौन दुर्व्यवहारको घटनामा दुई र बलात्कारका घटनामा ६ जना बालिका तथा विद्यालयमा दिइने शारीरिक सजायका घटनामा एक जना बालक पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

### शिक्षाको अवस्था

जिल्लामा २ सय ९६ सामुदायिक विद्यालय र २८ निजी विद्यालय रहेको शिक्षा विकास तथा समन्वय एकाइका प्रमुख उद्धिमराज पौडेलले बताए। पर्वतमा १० ओटा विद्यालयले इन्टेरनेटको माध्यमबाट स्मार्ट कक्षा सञ्चालन गरिरहेका छन्। जिल्लाका  नौ ओटा विद्यालय अपाङ्गतामैत्री छन्।

### बलात्कार

११ वर्षीया बालिकालाई ०७९ फागुन २१ गते बलात्कार गरेको आरोपमा गोरखा जिल्ला अजिरकोट गाउँपालिका-५ का २९ वर्षीय दीपेन्द्र बिकविरुद्ध पीडित पक्षले जिल्ला प्रहरी कार्यालयमा फागुन २१ गते मौखिक र फागुन २२ गते लिखित उजुरी दियो। आरोपितलाई प्रहरीले फागुन २२ गते गिरफ्तार गऱ्यो। जिल्ला अदालतका न्यायाधीश आनन्दप्रसाद श्रेष्ठको ०८०

कात्तिक २१ गतेको इजलासले आरोपितलाई कसुरदार ठहर गरी १८ वर्ष कैद र ७ लाख रुपैँया जरिबानाको फैसला सुनायो।

### महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भन्दै २८ जना महिलाले जिल्ला प्रहरी कार्यालयको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा पतिले मादक पदार्थ सेवन गरी कुटपिट गरेका दुई, मार्ने धम्की दिएका १५, खानलाउन नदिएको दुई, कागजपत्र नबनाइदिएको दुई र सामान्य घरायसी झगडाका सात छन्। यीमध्ये केन्द्रले १६ मुद्दामा मेलमिलाप गरायो भने १० उजुरीमा कानुनी प्रक्रिया अघि बढेको र दुई उजुरीमा पक्षविपक्ष बोलाएर छलफल गराउने कार्य भइरहेको सेवा केन्द्रकी इन्चार्ज पूर्णिमा थापाले बताइन्।

यो वर्ष पर्वत जिल्लामा बलात्कारका घटनामा दुई, बलात्कार प्रयासका घटनामा एक र घरेलु हिंसाका घटनामा २४ जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

**तालिका ५.४.१०.१ घटनाको प्रकार अनुसार पीडित सङ्ख्या**

| घटनाको प्रकार | | अन्यपक्षबाट | | |
|---|---|---|---|---|
| | | महिला | पुरुष | जम्मा |
| कुटपिट | | | २ | २ |
| हत्या | | | १ | १ |
| जातीय विभेद | | १ | | १ |
| बाल अधिकार | विद्यालयमा दिइने शारीरिक सजाय | | १ | १ |
| | बलात्कार | ६ | | ६ |
| | यौन दुर्व्यवहार | २ | | २ |
| | जम्मा | ८ | १ | ९ |
| महिला अधिकार | घरेलु हिंसा | २४ | | २४ |
| | बलात्कार | २ | | २ |
| | बलात्कार प्रयास | १ | | १ |
| | जम्मा | २७ | | २७ |
| **कूल जम्मा** | | ३६ | ४ | ४० |

(स्रोत : इन्सेक, २०२३)

### स्वास्थ्य सेवाको अवस्था

जिल्लामा एक अस्पताल, दुई प्राथमिक स्वास्थ्य केन्द्र र ५५ स्वास्थ्य चौकी रहेका छन्। पर्वत अस्पतालले १५ शैयाको मात्रै स्वीकृत प्राप्त गरेको भए पनि आन्तरिक स्रोत उपयोग गरेर ५० शैयाको सञ्चालन गरिरहेको छ। जनशक्ति अभावका कारण बिरामीलाई सहज सेवा दिन नसकिएको अस्पतालका प्रमुख डाक्टर हेमन्त बास्तोलाले बताए। जिल्लाका ६१ वडामा कुल १ लाख ३० हजार १ सय ५१ जनसङ्ख्यामध्ये ३८ हजार ५ सय १४ जनाले स्वास्थ्य बीमा गराएका छन्।

**तालिका ५.४.१०.२** सन् २०२३ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

| बाल अधिकार | | | | |
|---|---|---|---|---|
| **घटनाको प्रकार** | **मुद्दा टुङ्गिएका** | **मेलमिलाप** | **कानुनी दायरामा ल्याइएका** | **जम्मा** |
| विद्यालयमा दिइने शारीरिक सजाय | | १ | | १ |
| बलात्कार | ३ | | ३ | ६ |
| यौन दुर्व्यवहार | १ | | १ | २ |
| जम्मा | ४ | १ | ४ | ९ |

| महिला अधिकार | | | | | |
|---|---|---|---|---|---|
| **घटनाको प्रकार** | **मुद्दा टुङ्गिएका** | **मेलमिलाप** | **अनुसन्धान** | **कानुनी दायरामा ल्याइएका** | **जम्मा** |
| घरेलु हिंसा | १ | १९ | १ | ३ | २४ |
| बलात्कार | | | | २ | २ |
| यौन दुर्व्यवहार | | | | १ | १ |
| जम्मा | १ | १९ | १ | ६ | २७ |

| मारिएकाको घटना सङ्ख्या | | |
|---|---|---|
| **घटनाको प्रकार** | **कानुनी दायरामा ल्याइएका** | **जम्मा** |
| हत्या | १ | १ |

(स्रोत : इन्सेक, २०२३)

# ५.४.११ बागलुङ




| | |
|---|---|
| जम्मा जनसङ्ख्या | २,४९,२११ |
| महिला | १,३३,०१७ |
| घर परिवार सङ्ख्या | ६४,०९६ |
| घरजग्गामा महिलाको स्वामित्व | १२,४२७ |
| साक्षरता प्रतिशत | ७९.९७ |
| आश्रित जनसङ्ख्या | १,२७,४२६ |
| अपाङ्गता भएका | ७,८११ |

यस वर्ष बागलुङ जिल्लामा ज्यादतीका घटनामा ८१ जना महिला र नौ जना पुरुष पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा १८ जना बालबालिका तथा महिला अधिकार उल्लङ्घनका घटनामा ६२ जना महिला पीडित भए।

## कारागार र बन्दी

२५ महिला र ५० पुरुष गरी ७५ जनाको क्षमता रहेको जिल्ला कारागारमा १ सय ८३ जना कैदीबन्दी छन्। जसमध्ये कैद तोकिएका १ सय २२ जना र कैद नतोकिएका ६१ जना छन्। कारागारमा १३ जना महिला छन्। कारागारमा ६ महिनाका एक जना आश्रित बालक छन्। चार जना ज्येष्ठ नागरिक रहेको कारागारका नायव सुब्बा हरिकृष्ण शर्माले बताए। कारागारमा एकजना अहेवको दरबन्दी रहेको छ।

## सुगम तथा निष्पक्ष न्यायिक अधिकार

### जिल्ला अदालत

एक जना न्यायाधीशको दरबन्दी रहेको जिल्ला अदालतमा यो वर्ष फौजदारी मुद्दातर्फ २ सय ४६ थानमध्ये ९४ थान र देवानी मुद्दातर्फ ४ सय ६७ थानमध्ये २ सय ६६ थान मुद्दा फैसला भए।

### उच्च अदालत

चार जना न्यायाधीशको दरबन्दी रहेको उच्च अदालत बागलुङमा सबै कार्यरत छन्। यस वर्ष दुनियावादी देवानीका १ सय २ थानमध्ये ५८ थान र दुनियावादी फौजदारीका ३४ थानमध्ये १८ थान मुद्दा फैसला भए। सरकारवादी फौजदारीका ३ सय ६१ थान मुद्दा दर्ता भए। जसमध्ये २ सय ७१ थान फैसला भए।

## बाल अधिकार

यस वर्ष बागलुङ जिल्लामा यौन दुर्व्यवहारका घटनामा दुई जना बालक, विद्यालयमा दिइने शारीरिक सजायमा एक जना बालक र बलात्कारका घटनामा १५ जना बालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

## शिक्षाको अवस्था

बागलुङ जिल्ला साक्षर जिल्ला घोषणा भइसकेको छ। तर, २०७८ को जनगणनाले ७९.९७ प्रतिशत मात्रै साक्षर देखाउँछ। यस जिल्लामा ४ सय ३१ आधारभूत र १ सय ४२ माध्यमिक विद्यालय छन्। जसमध्ये चारओटा विद्यालय अपाङ्गतामैत्री छन्।

## यौन दुर्व्यवहार

६ वर्षीय बालकलाई ०७९ चैत २३ गते यौन दुर्व्यवहार गरेको आरोपमा बडिगाड गाउँपालिका- ७ का २९ वर्षीय दीपक थापाविरुद्ध पीडित पक्षले चैत २६ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। प्रहरीले आरोपितलाई चैत २७ गते गिरफ्तार गऱ्यो। जिल्ला अदालतका न्यायाधीश रमेशकान्त अधिकारीको ०८० मङ्सिर ७ गतेको इजलासले आरोपितलाई जन्मकैद र ७ लाख रुपियाँ जरिबानाको फैसला सुनायो।

| तालिका ५.४.११.१ | घटनाको प्रकार अनुसार पीडित सङ्ख्या |
|---|---|

| घटनाको प्रकार | | अन्यपक्षबाट | | |
|---|---|---|---|---|
| | | महिला | पुरुष | जम्मा |
| अमानवीय व्यवहार | | | ३ | ३ |
| हत्या | | ४ | ३ | ७ |
| बाल अधिकार | विद्यालयमा दिइने शारीरिक सजाय | | १ | १ |
| | बलात्कार | १५ | | १५ |
| | यौन दुर्व्यवहार | | २ | २ |
| | जम्मा | १५ | ३ | १८ |
| महिला अधिकार | घरेलु हिंसा | ५३ | | ५३ |
| | बलात्कार | ७ | | ७ |
| | बलात्कार प्रयास | २ | | २ |
| | जम्मा | ६२ | | ६२ |
| **कूल जम्मा** | | ८१ | ९ | ९० |

(स्रोत : इन्सेक, २०२३)

### महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भन्दै ३४ जना महिलाले जिल्ला प्रहरी कार्यालयको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा कुटपिट गरी घरनिकाला गरिएका एक, खानलाउन नदिएका १९, दाइजो नल्याएको भनी हेला गरेको चार र सामान्य घरायसी झगडाका १० उजुरी छन्। यीमध्ये प्रहरीले २१ ओटामा मेलमिलाप गरायो। १२ ओटा उजुरी कानुनी प्रकृयाका लागि पठाइएको र एउटा उजुरी कारबाही प्रक्रियामा रहेको जिल्ला प्रहरी कार्यालयका डिएसपी मदन केसीले बताए।

यो वर्ष बागलुङ जिल्लामा बलात्कारका घटनामा सात, बलात्कार प्रयासका घटनामा दुई र घरेलु हिंसाका घटनामा ५३ जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

### स्वास्थ्य सेवाको अवस्था

जिल्लामा तीन सरकारी अस्पताल, एक सामुदायिक अस्पताल, ५७ स्वास्थ्य चौकी, दुई प्राथमिक स्वास्थ्य केन्द्र, १५ सहरी स्वास्थ्य केन्द्र, २१ सामुदायिक स्वास्थ्य एकाइ, १ सय ७६ खोप केन्द्र, २१ आधारभूत स्वास्थ्य केन्द्र रहेका स्वास्थ्य कार्यालय, बागलुङका सूचना अधिकारी घनश्याम सापकोटाले बताए। १ लाख ९ हजार ६ सय नागरिक स्वास्थ्य बीमाको पहुँचमा रहेको स्वास्थ्य बीमा बोर्ड बागलुङका दर्ता अधिकारी नारायण शर्माले बताए।

| तालिका ५.४.११.२ | सन् २०२३ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या |
|---|---|

**बाल अधिकार**

| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | मेलमिलाप | अनुसन्धान | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|---|---|
| विद्यालयमा शारीरिक सजाय | | १ | | | १ |
| बलात्कार | ४ | | १ | १० | १५ |
| यौन दुर्व्यवहार | २ | | | | २ |
| जम्मा | ६ | १ | १ | १० | १८ |

**महिला अधिकार**

| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | मेलमिलाप | अनुसन्धान | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|---|---|
| घरेलु हिंसा | २ | २६ | ५ | २० | ५३ |
| बलात्कार | | | १ | ६ | ७ |
| बलात्कार प्रयास | | | | २ | २ |
| जम्मा | २ | २६ | ६ | २८ | ६२ |

**मारिएकाको घटना सङ्ख्या**

| घटनाको प्रकार | अनुसन्धान | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|
| हत्या | ३ | ४ | ७ |

(स्रोत : इन्सेक, २०२३)